आ.व. २०८३।०८४
वैठक:- नगर कार्यपालिका वैठक
अध्यक्षता:- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

वैठक नं. ०२।०८३।०८४
मिति:-२०८३।०४।२८ गते
स्थान:- ता.न.पा मिनिहल
समय:- दिनको १.०० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

**उपस्थिति**

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| – | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

| | | | |
|---|---|---|---|
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री चेतनाथ गिरी | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |
| श्री कुर्ण ब. रेश्मी मगर | का.वा. वडा अध्यक्ष | ता.न.पा.१३ | |
| श्री डिल ब. थापा | का.वा. वडा अध्यक्ष | ता.न.पा.८ | |

**निर्णय नं. १**

तानसेन नगर कार्यपालिकाको मिति २०८३।४।११ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं. २**

तानसेन नगरपालिका वडा नं. ६ बसपार्कको सटर बहाल सम्बन्धमा प्रत्येक २ बर्षमा १० प्रतिशत भाडा बृद्धि गरी देहाय बमोजिमका संस्थासँग सम्झौता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**देहाय :**

श्रीनगर यातायात सेवा प्रा.लि., पाल्पा ।

**निर्णय नं. ३**

तानसेन नगरपालिका वडा नं ९,१३,१४ तथा तथा नगरका अन्य क्षेत्रमा रहेका नदी तथा खोलाहरुमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको आधारमा नदिजन्य सामग्रीको वोलपत्र आह्वानको कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

तानसेन नगरपालिका वडा नं. ३ टक्सार क्षेत्रको तम्घास रोड क्षेत्रमा रहेको विद्यमान शौचालयलाई डिस्मेन्टल गरी नयाँ निर्माणको लागि यस कार्यालयबाट तयार गरिएको प्राविधिक लागत अनुमान र ड्रोइङ्ग डिजाइनको आधारमा नगरपालिकाको खातामा रकम जम्मा गर्न लगाई शौचालय निर्माण गर्ने र नगरपालिकालाई हस्तान्तरण गर्ने शर्तमा सम्बन्धित निजी क्षेत्रलाई निर्माण कार्यको जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

जिल्ला अस्पताल पाल्पालाई यस अगाडि निर्णय गरिएको ८ रोपनी जग्गा नपुग हुने देखिएकोले वडा नं. ३ मा रहेको कित्ता नं. २५० बाट १२ रोपनी पर्ति जग्गा प्राप्तिको लागि सिफारिस माग भएकोमा भूमि प्रशासन कार्यालय र नापी कार्यालयबाट दर्ता उतारको किताबमा सरकारी पर्तिजग्गा उल्लेख भएको देखिएमा मात्र सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

तानसेन नगरपालिका क्षेत्र भित्र रहेका १०० वर्ष भन्दा पुराना घरहरुको सूचीकृत कार्यविधि, २०८३ को अवधारणा तथा प्रक्रियागत कार्यको बारेमा बैठकमा छलफल भएकोमा थप अध्ययन विश्लेषण गरी मस्यौदा कार्यविधि आगामी कार्यपालिका बैठकमा पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

तानसेन नगरपालिका वडा नं. ९ दमकडा खानेपानी आयोजना सञ्चालनको लागि संघीय सरकारको लगानीको अनुपातमा ३ प्रतिशत लागत सहभागिता गर्ने र सो को लागि नगरपालिकाबाट श्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

शिक्षा नियमावली,२०५९(दशौँ संशोधन)को नियम ९९ सरुवा सम्बन्धी व्यवस्थाको उपनियम (५) मा विद्यालयले पेश गरेको रिक्त शिक्षक पदमा सरुवा गरी वा शिक्षक सेवा आयोगमा विज्ञापन गरी रिक्त पदपुर्ति गर्ने विषयमा सम्बन्धित स्थानीय तहले पद रिक्त भएको सात दिन भित्र निर्णय गर्नुपर्ने व्यवस्था रहेको र नियम १४४(ख)को उपनियम (३) मा उपनियम (१) बमोजिम बनाइएको कार्यविधि विद्यालयले स्थानीय तहमा पेश गर्नुपर्नेछ र सो कार्यविधि स्थानीय तहबाट स्वीकृत भएपछि कार्यान्वयन हुनेछ भन्ने उल्लेख भएकोले विद्यालयहरुका यस्ता प्रकृतिका स्थानीय तहबाट निर्णय गर्नु पर्ने विषय पटक पटक आइरहने र कार्यपालिकाको बैठक समयानुकुल बस्नमा कहिले काहि असहजता हुने र सो को कारण विद्यालयको शैक्षिक व्यवस्थापनमा ढिलाई हुने देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा १८ बमोजिम शिक्षा युवा तथा खेलकुद शाखालाई नगरप्रमुख स्तरीय निर्णय बाट कार्य प्रक्रियामा सहजता गर्न अधिकार प्रत्यायोजन गरियो ।

**निर्णय नं. ९**

तानसेन नगरपालिकाबाट बजार व्यवस्थापन तथा सौन्दर्यकरण सम्बन्धी हालसम्म भएका क्रियाकलापहरुको बारेमा बैठकमा जानकारी भयो । यस सम्बन्धमा हालसम्म भएका कार्यहरु र गरिएको जरिवानालाई अनुमोदन गर्दै आगामी

खेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

राजेन्द्र लाल श्रेष्ठ
नगर प्रमुख

समयको लागि तय गरिएका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न समिति तथा सम्बन्धित कर्मचारीहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

फोहरमैला व्यवस्थापनको कार्ययोजना अनुसारको कार्य अगाडि बढाउन सेफ्टी ट्याङ्की शक्सन सेवा संचालन तथा व्यवस्थापन कार्यविधि, २०८३ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

तानसेन नगरपालिकाको गह्रा सुधार सम्वन्धी पेश भएको गह्रा सुधार सम्वन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

तानसेन नगरपालिका वडा नं. ३ र ४ सितलपाटी देखि तेर्सो सडक हुँदै विशालवजार सम्मको बाटो विभिन्न स्थानमा जिर्ण भएको हुँदा मर्मत कार्यको लागि प्राविधिक लागत अनुमान बमोजिमको रु.६७०००।- स्वीकृत गरी कार्य प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १३**

नेपालीहरुको जात्रा लगायत विभिन्न पर्वहरु नजिकिदै आएकोले जात्रा, पर्व, महोत्सव सञ्चालन हुने शहरी क्षेत्रका सडक मर्मतका लागि प्राविधिक लागत अनुमान अनुसार चालु आ.व.को नगर विकास योजनाको मर्मत सम्भार कोष शिर्षकबाट रकम व्यवस्था गरी मर्मत कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

विश्व आदिवासी दिवस २०२६ को सन्दर्भमा कार्यक्रम अगाडि बढाउन नेपाल आदिवासी जनजाती महासंघ नगर समन्वय परिषद् संस्थाबाट  यस नगरपालिकामा प्रस्ताव सहित रकम माग गरिएकोमा  नेपाल आदिवासी दिवस शिर्षकमा विनियोजित रकम मध्यबाट रु. १०००००। नवढाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १५**

तानसेन नगरपालिकाको चालु आ.व.२०८३।०८४ को लागि बार्षिक खरिद योजना र कार्यान्वयन योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

तानसेन नगरपालिकाको भूमि बर्गिकरण कार्य तर्फ यस अगाडि भएका कार्यको अलावा आगामी कार्य अगाडि बढाउन वडागत कित्ताहरु सर्वसाधारणको जानकारीको लागि १५ दिने सूचना जारी गरी प्राप्त राय सुझावको आधारमा थप कार्य अगाडि वढाउने निर्णय गरियो ।

**निर्णय नं. १७**

तानसेन नगरपालिका वडा नं. १३ स्थित रानीमहल दरवारमा राजा खड्ग शमसेर र रानी तेजकुमारीको पोशाक सहित विभिन्न जातजातीको पहिचान झल्किने पोशाक वनाई पर्यटकहरुलाई आकर्षण वनाउने हेतुले निर्माण गरिएको देहाय वमोजिमको पोशाकको निम्नानुसारको शुल्क निर्धारण गर्ने निर्णय गरीयो ।

- राजारानीको पोशाकको प्रति पटक — रु. १००। प्रति ३० मिनेट
- अन्य विभिन्न जाजातीको प्रतिपटक — रु. ५०। प्रति ३० मिनेट

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख